
# घरपझोङ गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयको आर्थिक बर्ष २०७९/०८०को सामाजिक परीक्षणको प्रतिवेदन

## १.पालिकाको संक्षिप्त बस्तुस्थिती




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

घरपझोङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । यो गाउँपालिका मुस्ताङ जिल्लाको सदरमुकाममा रहेको गाउँपालिका हो । वि. सं २०७३ सालमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका मार्फा गा.वि.स, टुकुचेको (८,९) वडाहरू र जोमसोम गाउँ विकास समितिहरूलाई समेटेर घरपझोङ गाउँपालिका घोषणा गरिएको हो । घरपझोङ गाउँपालिकाको क्षेत्रफल ३१९.७७ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसंख्या ३,७१२रहेको छ ।

घरपझोङ गाँउपालिकाको जनसांख्यिक झलक

| कुल जनसंख्या | पुरुष | महिला | पारिवारिक झलक | |
|---|---|---|---|---|
| | | | कुल परिवारहरु | परिवारको औसत आकार |
| ३,७१२ | १९४३ (५२.३ प्रतिशत) | १७६९ (४७.७ प्रतिशत) | ११२९ | ३.२९ व्यक्तिहरु प्रति परिवार |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लासम्म छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर उचाईदेखि ५००० मिटर भन्दा माथि सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ । हिमालपारिको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी, तिलिचो पिक, 'याक कावा' तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउं प्रख्यात तीर्थस्थल मुक्तिनाथ, तिलिचो ताल (मनाङ) र लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि लिन सकिन्छ ।

## २.पृष्ठभूमि

सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षणका बीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा सेवा प्रदायक, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । सामाजिक परीक्षण गर्दा विगतको कार्य सम्पादनको मूल्याङ्कनमा, संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिइन्छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसरी गाँउपालिकाबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हाँसिल भए सोको विश्लेषण र अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि प्रभावकारी मानिन्छ ।

सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्ने गाँउपालिकालाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँनेछ । यसै सर्न्दभमा घरपझोङ गाँउपालिका जोमसोम ,मुस्ताङको आ.व.०७९/०८० को सामाजिक परीक्षण गरि यो प्रतिवेदन तयार पारिएको छ

## ३.उद्देश्य

घरपझोङ गाँउपालिकाको एक आर्थिक वर्षमा आ.व २०७९/०८० को गाँउपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परिक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै गाँउपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक

उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता , सेवा प्रवाह , योजना तर्जुमा र कार्यपालिकाका निर्णय प्रकृया आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

- ❖ स्थानीय तहलाई जनताप्रति जवाफदेही बनाई स्थानीय तहका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- ❖ गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- ❖ गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- ❖ कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- ❖ गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- ❖ लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- ❖ श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- ❖ दिगो र मापदण्ड बमोजिम काम गर्न पृष्ठपोषण दिने ।

## ४.सामाजिक परीक्षणको कानूनी आधारः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण , सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । भन्ने कानूनी व्यवस्था भए वमोजिम र नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयद्धारा प्रमुख प्रशासकीय अधिकृतहरु लाई १८ बुदे निर्देशन कार्यन्वयन गर्ने सम्बन्धमा भएको परिपत्र समेतको आधारमा यो सामाजिक परीक्षण गरिएको छ ।

## ५.सामाजिक परीक्षण अध्ययनको आबश्यकता

स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यको अध्ययन गर्नको लागी सामाजिक परीक्षण अध्ययनको आबश्यकता र महत्व रहेको छ ।

- स्थानीय तहहरुको कार्यसम्पादनमा सरोकारवालाहरुबाट लेखाजोखा गराउन ।
- विकासका क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय, पारदर्शी र मितव्ययी बनाउन ।
- सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिता गराउन ।
- सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरी विश्वासको वातावरण सिर्जना गर्न।
- विकासको लाभको समन्यायिक बाँडफाँडको सुनिश्चितता कायम गर्न ।
- विकासका लागि उपलब्ध बजेटको अधिकतम सदुपयोग गर्न ।
- विकासमा समुदायको आफनोत्व कायम गराउन ।

## ६.सामाजिक परीक्षणका निर्देशक सिद्धान्तहरु

- ✓ बहुपक्षीय र विस्तृत
- ✓ सहभागिता मुलक
- ✓ नियमिता
- ✓ पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व

## ७.सामाजिक परीक्षणको औचित्य

- ✓ पारदर्शिता

✓ जवाफदेहिता
✓ सहभागिता
✓ सहजिकरण

## ८.सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो :

## ८.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

❖ गाँउपालिका सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
❖ स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
❖ वार्षिक योजना
❖ सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
❖ वार्षिक प्रतिवेदनहरु
❖ पार्श्वचित्र
❖ स्थानीय तहको स्वमुल्यकंनको (LISA) को प्रतिवेदन
❖ स्थानीय नागरिकहरु सँग सोधपुछ ।
❖ सरोकारवाला निकाय , संघ र संस्थाहरु सँग आबश्यकता अनुसार छलफल

## ८.२ अन्तरवार्ता र समूह छलफल

गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष,वडाध्यक्षहरू,कार्यपालिका सदस्यहरू,प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिहरू, राजनितिक दलका प्रतिनिधिहरु , विद्यालयका प्र. अ. हरु । सहकारी र समूहका प्रतिनिधिहरु, गाँउवासीहरु, संघ,संस्थाका प्रतिनिधिहरु सम्बन्धित लाभग्राहीसँग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो ।

अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

## ९.प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा प्रतिवेदन तयारी प्रस्तुतिकरण र छलफल

घरपभ्फोङ गाँउपालिकाद्वारा आयोजित सामाजिक परीक्षणका लागि सार्वजनिक बहस/भेलामा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति तथा सार्वजनिक बहस कार्यक्रममा उपस्थित हुन गाँउपालिकाले सार्वजनिक सुचना टाँस गरी सम्पूर्ण कार्यपालिकाका सदस्यज्यूहरू, राजनैतिक दलका प्रतिनिधिहरू, सरोकारवालाहरू, उपभोक्ता समितिका प्रतिनिधिहरू नागरिक समाज, प्रमुख करदाताहरू, वडा सचिव तथा कर्मचारीहरु, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदिसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो । सार्वजनिक बहस/भेला गाँउपालिका अध्यक्ष श्रीमान् मोहन सिंह लालचानको अध्यक्षतामा भएको थियो भने उपाध्यक्ष श्री जमुना थापा मगरले स्वागत मन्तव्य राख्नु भएको थियो र प्रमुख प्रशासकिय अधिकृत श्री वेदहरि अधिकारीले सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

सार्वजनिक वहश कार्यक्रमको सहजीकरण सस्टेनेवल कम्युनिटी एकाउन्टविलिटी रिसर्च सेन्टर प्रा.लि को तर्फ वाट श्री सन्तोष दनाईले गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यपालिकाका सदस्यज्यूहरु तथा कर्मचारीहरु समेतको सहभागितामा सफलतापूर्वक सम्पन्न भएको थियो ।सहजकर्ता श्री सन्तोष दनाईले सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल बाट प्राप्त सूचना तथा नतिजाको आधारमा सूचनाहरुको संकलन तथा विश्लेषणको विधि र प्रक्रिया प्रयोग गरी तयार

गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो । सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि तपसिल संचालन गरिएको थियो ।

- ❖ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका ( सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- ❖ कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहिता बारे जानकारी प्रदान गरिएको थियो ।
- ❖ सामाजिक परिक्षकबाट अध्ययनका कममा आएका तथ्यहरुलाई समेटी तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।
- ❖ प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-
    - ✓ गाँउपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव ( सूचकको आधारमा)
    - ✓ गाँउपालिकाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थितिको बारेमा
    - ✓ गाँउपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरूको बारेमा
    - ✓ गाँउपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयताको बारेमा ।
    - ✓ वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिताको बारेमा ।
    - ✓ गाँउपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तरको वारेमा ।
    - ✓ सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउनको लागी सुझावहरूको वारेमा ।

सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परिक्षकले टिर्पोट गरेको थिए । सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाँउपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु ,शाखा प्रमुख, सामाजिक परिक्षकले स्पष्ट पार्नु भएको थियो । सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परिक्षककाट प्रतिवेदन तयार गरिएको छ ।

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरिएको थियो।

- ❖ सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- ❖ **सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरु**
- ❖ **सुधार गर्नुपर्ने** सवालहरूको प्राथमिकीकरण
- ❖ सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता
- ❖ सुझावहरू सङ्कलन

यस चरण तथा प्रक्रियामा गाँउपालिकाले सामाजिक जिम्मेवारी वहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रस्तुत गरिएको थियो ।

- ❖ कार्यक्षेत्रको परिचय
- ❖ सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता
- ❖ सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु
- ❖ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- ❖ आगामी दिनमा सुधारका लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

## ९.१ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन र सार्वजनिक बहस कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझावहरूलाई समेटी अन्तिम प्रतिवेदन तयारी गरिएको छ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ :

- ❖ पृष्ठभूमि
- ❖ सामाजिक परीक्षणको उद्देश्य
- ❖ अध्ययन विधि र अध्ययनको सीमा
- ❖ बृहत छलफल कार्यक्रमको विवरण
- ❖ सामजिक परीक्षणबाट देखिएका सवल पक्षहरू
- ❖ सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमी कमजोरीहरू
- ❖ सामाजिक जिम्मेवारी पूरा गर्न गाउँपालिकाले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

## ९.२ प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

घरपझोङ गाँउपालिकाको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन माथिको छलफल कार्यक्रममा स्थानीय गाउँवासीहरुले आफ्नो प्रतिक्रिया एवं सुझाव राख्नु भएको थियो । गाउँवासीहरुवाट उठाइएका प्रतिक्रिया एवं सुझावहरुलाई गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनु भएको थियो । उहाँले गाँउवासी बाट उठाईएका प्रतिक्रिया एवं सुझाबहरुलाई आगामी कार्यकममा समावेश गरि सबैको सक्रिय सहभागिता एवं सहयोगमा कार्यक्रम कार्यन्वयन गरिने वताउन भयो। गाँउपालिकाले सामाजिक परीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी मूख्य मूख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी आगमी दिनमा कार्यान्वयन गर्नेछ । सामजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गाँउपालिकाले नीतिगत निर्णय गर्नेछ । सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन माथिको छलफल कार्यक्रममा सहभागिहरुको उपस्थिति र फोटोहरु अनुसूचीमा राखिएको छ ।

## १०.अध्ययनका सिमा

यस सामाजिक परीक्षणमा घरपझोङ गाँउपालिकाका समिक्षा बर्ष आ.ब २०७९/०८०को अबधिमा सामाजिक क्षेत्रमा भए गरेका मुख्य मुख्य नीति तथा कार्यकम र बजेट हरुको अध्ययन तथा बिश्लेषण गरिएको छ । घरपझोङ गाँउपालिकाका गाँउकार्यपालिकाको सेवा प्रवाह र वडा कार्यालयहरुमा सेवा प्रवाहको अध्ययन , केही आयोजनाहरुको स्थलगत अध्ययन, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिहरू, राजनितिक दलका प्रतिनिधिहरु,विद्यालयका प्र.अ.हरु,सहकारी र समूहका प्रतिनिधिहरु,गाँउवासीहरु,संघ,संस्थाका प्रतिनिधिहरु सम्बन्धित लाभग्राहीसँग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूसँग छलफल गरियो साथै गाँउपालिका भित्रका बिभिन्न सरोकारवालाहरु सँग छलफल र अन्तरकृया गरियो ।

## ११.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- ❖ जनप्रतिनिधि र कर्मचारीहरु वाट उच्च मनोवलका साथ सेवा प्रवाह भैरहेको ।
- ❖ एक वडा एक स्वास्थ्य संस्था स्थापना गरिएको ।
- ❖ प्रजनन् स्वास्थ्य शिविर सञ्चालन गरिएको ।
- ❖ पूर्ण संस्थागत सुनौलो हजार दिन पोषण कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ प्रदेशस्तरमा स्वास्थ्य क्षेत्रमा गाँउपालिका २०औ. स्थानमा भएको
- ❖ गाँउपालिका भित्र निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको ।
- ❖ विपन्न /दलित/अपाङ्गताको निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ घरमा प्रसुती हुने प्रवृत्तिलाई न्युनीकरण गर्न स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरमा प्रसुती गराउन पहल गरेको ।
- ❖ स्वास्थ्य चौकीको भवन निर्माण कार्यलाई प्राथमिकता दिएको ।
- ❖ अत्यावश्यक निशुल्क औषधिहरु खरिद गरि वितरण गर्ने गरेको
- ❖ स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा जोड दिएको ।
- ❖ विज्ञान प्रयोगशाला स्थापना गर्नको लागि जोड दिएको ।
- ❖ बिद्यालयहरुमा ई-पुस्ताकालय स्थापना गर्नको लागि जोड दिएको ।
- ❖ सामुदायिक सरकारी विद्यालयको क्षमता विकास, विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको
- ❖ सम्पूर्ण बिद्यालयको तथ्याङ्क व्यवस्थापन गरिएको ।
- ❖ प्राविधिक शिक्षामा जोड दिएको सिभिल ईन्जिनियरिङ्को कक्षा सञ्चालन गरेको ।
- ❖ शैक्षिक कार्यपात्रो निर्माण गरि पालिकास्तरीय परीक्षा सञ्चालन गरेको ।
- ❖ वाल कोष र लैङ्गिक हिसां निवारण कोषको स्थापना भएको ।
- ❖ शिक्षा योजना तयार गरेको ।
- ❖ स्थानीय पाठयक्रम निर्माण गरिएको ।
- ❖ बिद्यालयहरुको सामाजिक परिक्षण सम्पन्न गरिएको ।
- ❖ छात्राहरुको लागी उच्च शिक्षा शैक्षिक छात्रवृत्ति शुरु गरिएको ।
- ❖ सामुदायिक बिद्यालयहरुमा सेनिटरी प्याड बितरण गरिएको ।
- ❖ व्यक्तिगत घटना दर्तालाई अनलाईन वाट शुरु  गरिएको ।
- ❖ वडाको आफनै प्रशासकीय भवनवाट सेवा प्रवाह भएको ।
- ❖ सामाजिक जिम्मेवारी र उत्तरदायी बनाउने संयन्त्रहरु जस्तैः सार्वजनिक सूनुवाई, र सामाजिक परीक्षण गर्ने कार्यको थालनी भएको ।
- ❖ आबश्यक ऐन, कानून, कार्यबिधिहरु र निर्देशिका निर्माण गरि राजपत्रमा प्रकाशन गर्ने गरेको ।
- ❖ सामाजिक सुरक्षा भत्ता बितरण कार्य वैक मार्फत वितरण गरिएको ।
- ❖ बार्षिक नीति ,कार्यक्रम र वजेट सार्वजनिकिरण Web Site मार्फत र वजेटको रातो पुस्तीका छापी सार्वजनिकिरण गर्ने गरिएको ।
- ❖ योजना कार्यन्वयन स्थलमा योजनाको वारेमा सूचना पार्टी राख्ने कार्य गर्ने गरेको ।
- ❖ राजश्व संकलन बिलिङ्ग प्रणालीको कार्य शुरु गरिएको ।
- ❖ गाँउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको ।
- ❖ गाँउपालिकाको कार्यालयमा ई-हाजिरी प्रयोगमा रहेको ।

- ❖ घुम्ती शिविर मार्फत अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको ।
- ❖ किसान सुचिकृत गरिएको ।
- ❖ कृषि /पशु पकेट क्षेत्रहरु निर्धारण गर्न शुरुवात गरिएको ।
- ❖ पशु विमा कार्यक्रम शुरु गरिएको ।
- ❖ लक्षित बर्गहरुमा आय आर्जनको कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ कृषि /पशु पकेट क्षेत्रहरु निर्धारण गर्न शुरुवात गरिएको ।
- ❖ कृषिका फर्म र होमस्टेटहरु दर्ताको अभियान सञ्चालन गरिएको ।
- ❖ पशु विमा कार्यक्रम शुरु गरिएको ।
- ❖ कृषिका नमूना फर्म मार्फत व्यावसायिकरण जोड दिईएको ।
- ❖ गाँउपालिकाको गतिविधिहरु समेटेर त्रैमासिक रुपमा सूचनाको हक सम्बन्धित एकृकित सूचना सार्वजनिकरण गर्ने गरेको ।
- ❖ प्राविधिक शिक्षालय सञ्चालनमा ल्याएको ।
- ❖ गाँउपालिकाले आन्तरिक आय वृद्धिको लागी जोड दिएको ।
- ❖ गाँउपालिकाले लेखा प्रणालीलाई पूर्ण रुपमा बैकिङ प्रणाली मार्फत सञ्चालन गरिएको ।

## १२.सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरु

- ❖ दिगो तथा ठुला योजना भन्दा साना तथा टुक्रे आयोजनाको माग देखिएको ।
- ❖ लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावहरु कार्यान्वयनको लागि जोड नदिनु ।
- ❖ स्थानीय तहहरुको संस्थागत स्व-मूल्याङ्कन (LISA),वित्तिय जोखिम मूल्यांकन(FRA) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणहरुका प्रतिवेदनहरुले दिएका सुझावहरु कार्यान्वयनको लागी जोड नदिनु
- ❖ कार्यपालिकाका बैठकका निर्णयहरु WebSite मार्फत समेत सार्वजनिकिरण गरिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाको आबधिक योजना र प्रोफाईल अद्यावधिक नगरिनु ।
- ❖ नीति कार्यन्वयनको लागी कार्ययोजनामा नजानु ।
- ❖ आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार भएको तर कार्यान्वयनमा नजानु ।
- ❖ टोल विकास संस्थाको अवधारणलाई कार्यान्वयनमा ल्याएको देखिदैन ।
- ❖ उपभोक्ता समितिलाई अभिमुखिकरण गरिनुपर्ने देखिन्छ ।
- ❖ जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि कार्यक्रम बनाउनुपर्ने ।
- ❖ वस्ती बिकास तथा नक्सा पास कार्यबिधि तयार गरि पूर्णरुपमा कार्यान्वयनमा जोड गरिनुपर्ने ।
- ❖ गाँउपालिका मातहातका कार्यालयमा कर्मचारी र सेवाग्राहीको लागी स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाको मातहातका कार्यालयमा ई-हाजिरी को प्रयोग कडाईका साथ लागू गरिनु पर्ने ।
- ❖ गाँउपालिका र गाँउपालिका मातहातका कार्यालयमा नागरिक वडा पत्र राख्नुपर्ने देखिन्छ ।
- ❖ कृषि संकलन केन्द्रको निर्माण र व्यवस्थापन गरिनुपर्ने ।
- ❖ गाँउपालिकाले वजार क्षेत्रमा फोहोर व्यवस्थापन , वजार व्यवस्थापन र बसपार्क व्यवस्थापनको लागी रणनीतिक योजना तयार गरिनुपर्ने देखिन्छ । घरवाट नै कुहिने र नकुहिने फोहोरको वर्गिकरण कार्य सञ्चालन गरिनुपर्ने ।

- ❖ गाँउपालिकाको पर्यटन गुरुयोजना तयार गरि कृषिपर्यटन प्रर्वद्धन र बिकास सम्बन्धि योजनाहरुलाई जोड दिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाले उत्पादनमा आधारित अनुदान दिने नीतिलाई कडाईका साथ लागू गराउनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न जोड दिनुपर्ने ।
- ❖ गाँउपालिकालाई वालमैत्री र वातावरण मैत्री बनाउन नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन कार्यविधि अनुरुप कार्यक्रम ल्याईनुपर्ने ।
- ❖ महिला, विपन्न तथा पिछडिएका वर्गहरूको सामाजिक, शैक्षिक, आर्थिक विकासका लागि आधुनिक कृषि पशुपालन तथा स्वरोजगारमूलक कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- ❖ एकृकित सेवा प्रवाहको लागी समुदाय स्तरमा घुम्ती सेवा सञ्चालन गरिनुपर्ने ।
- ❖ जेष्ठ नागरिक र वालवालिकाको लागि समुदायस्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिनुपर्ने ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुलाई अनुदान र भत्ता भन्दा जिविकोपार्जन कार्यकमहरु सञ्चालनमा जोडदिनुपर्ने ।
- ❖ सार्वजनिक शौचालय निर्माण गरि प्रभावकारी दिगो व्यवस्थापकिय आधारमा सञ्चालन र व्यवस्थापन गरिनुपर्ने ।
- ❖ खानेपानीका स्रोतहरुको गुणस्तर परीक्षण गरिनुपर्ने ।
- ❖ खानेपानीका स्रोतहरुको संरक्षणका कार्यकमहरु सञ्चालन गरिनुपर्ने ।
- ❖ एक घर एक धारा अभियानका आयोजनाहरु सञ्चालन गरिनुपर्ने
- ❖ सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन गरिनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयका शिक्षिकाहरु/कर्मचारी सुत्केरी विदामा रहदा आन्तरिक शिक्षक/कर्मचारीको व्यवस्थापन गरिनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयका शौचालयहरुमा स्यनीटेरी प्याड विर्सजनको लागी उपयुक्त संरचना र प्रबिधिको बिकास गरिनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयको बिद्यार्थी र शिक्षकको अनुपात मिलान गरिनुपर्ने । यस्ता कार्य गर्दा वस्ती र विद्यालयको दुरी तलमाथि हुनगएमा विद्यालयवाट नै यातायात व्यवस्था जस्ता नीति लिनुपर्ने ।
- ❖ युवाशक्ति लाई बिदेश पलायन रोक्नको लागी युवा उद्यमी कार्यकम सञ्चालन गर्नुपर्ने ।
- ❖ सामाजिक सुरक्षा भत्ता बितरण कार्य बैक मार्फत राम्रो भएपनि अति अशक्तहरुको हकमा घरमै पुगेर बितरण गरिनुपर्ने ।
- ❖ उद्यमी कार्यकम सञ्चालन गर्नेको लागी उद्यमीकोषको स्थापना गरि ऋण सहयोग कार्यकम सञ्चालन गरिनुपर्ने ।
- ❖ कृषिजन्य उत्पादन बढाउन निजी साझेदारी कार्यकम सञ्चालन गरिनुपर्ने ।
- ❖ घरवास कार्यक्रम स्थानीय उत्पादनमा आधारित हुनुपर्ने ।
- ❖ रैथाने वालीको बिकास र विस्तारमा जोडदिनुपर्ने ।
- ❖ योजनाको लागत डिजाईन नेपाली भाषामा तयार गर्दा उपभोक्ता समिति लाई अध्ययन गर्न सजिलो हुने र योजना कार्यन्वयनमा सहजता आउने देखिन्छ ।
- ❖ ३ लाख भन्दा माथिका आयोजनामा आयोजना सूचना पाटी राख्ने निर्णयलाई कडाईका साथ लागू गरिनुपर्ने देखिन्छ।

- ❖ गाँउपालिकाको कुल वजेटको १० प्रतिशत रकम पालिकाको आम्दानी वृद्धि हुने योजनामा रकम विनियोजन गरिनुपर्ने ।
- ❖ गाँउपालिकाले जारी गरेको राजपत्रको बारेमा गाँउवासी र सरोकारवालाहरु बिचमा छलफल चलाउनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाको कर भुक्तानी प्रणाली सेवाग्राही मैत्री साथै प्रबिधि मैत्री वनाउनुपर्ने देखिन्छ ।
- ❖ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिचमा र प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरु बिचमा कार्य सम्पादन सम्झौता गरि त्रैमासिक रुपमा प्रगति समिक्षा गरिनुपर्ने देखिन्छ ।
- ❖ कर्मचारीहरुलाई सेवा प्रवाह सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- ❖ गाँउपालिकामा गुनासो सुन्ने अधिकारी तोकी कार्यन्वयनमा ल्याउनुपर्ने देखिन्छ ।
- ❖ गुनासोको सम्बोधन गर्नको लागी नागरिकसँग जनप्रतिनिधि जस्ता कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- ❖ गाँउपालिकाले सेवाग्राही सर्वेक्षण फराम वाट सन्तृष्टी मापन गरिनुपर्ने देखिन्छ ।
- ❖ वडास्तरमा मेलमिलाप केन्द्रको क्षमता बिकासमा पहल गर्नुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाले सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यबिधि तयार गरिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिका भित्र कार्यरत संघ संस्थाहरुलाई सामाजिक जवाफदेहिताका औजारहरु प्रयोग गरि संघ संस्थाका कार्यक्रमहरुको पारदर्शिता कायम गर्न गाँउपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।
- ❖ निजी सार्वजनिक साझेदारी कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ ।
- ❖ गैरसरकारी संस्थाहरुको कार्यक्रम गाँउ सभामा पेश गरिनुपर्ने ।
- ❖ गैरसरकारी संस्थाहरुको प्रगति प्रतिवेदन गाँउपालिकालाई उपलब्ध गराउनुपर्ने ।
- ❖ सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने देखिन्छ ।
- ❖ लागत सहभागितालाई प्रभावकारी बनाउनुपर्ने ।
- ❖ विषयगत समिति र विषयगत शाखा विचको समन्वय हुनुपर्ने ।
- ❖ उत्कृष्ट काम गर्ने वडा तथा शाखाहरुलाई कामको आधारमा मूल्यांकन गर्नुपर्ने देखिन्छ ।
- ❖ अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्ने ।
- ❖ वजार अनुगमनलाई जोड दिनु पर्ने देखिन्छ ।
- ❖ व्यवसाय दर्ताको शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- ❖ सार्वजनिक सम्पत्तिको संरक्षणमा पालिकाले बिषेश व्यवस्थापन गरिनुपर्ने देखिन्छ ।
- ❖ सडक मर्मतलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- ❖ कार्यपालिकाको निर्णयलाई समिक्षा गर्नु पर्ने देखिन्छ ।
- ❖ टोल बिकास संस्थाको गठन गरि परिचालन गर्नु पर्ने देखिन्छ ।
- ❖ वार्षिक कार्यक्रम तयार गर्दा नीति अनुसरको कार्यक्रम र वजेट तालमेल नगरिनु ।
- ❖ बजेट दामासाही रुपमा बाँडफाँड गरिनु।
- ❖ मर्मत सम्भार कोषको व्यवस्थापन नगरिनु ।
- ❖ उपभोक्ता समिति पालिकामा दर्ता गरि अभिलेखिकरण गर्ने नगरेको ।
- ❖ संघ , प्रदेश र सरोकारवाला निकायसँग समन्वय र सहकार्यलाई प्राथमिकता नदिनु ।

## १३.सुझावहरुः

## १३.१ सामाजिक बिकास क्षेत्रको जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

- ❖ सामुदायिक विद्यालयका शिक्षिकाहरु /कर्मचारी सुत्केरी विदामा रहदा आन्तरिक शिक्षक/ कर्मचारीको व्यवस्थापन गरिनुपर्ने ।
- ❖ गाँउपालिकामा मातहातका कार्यालयमा कर्मचारी र सेवाग्राहीको लागी स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- ❖ सामुदायिक विद्यालयका शौचालयहरुमा स्यनीटेरी प्याड विर्सजनको लागी उपयुक्त संरचना र प्रबिधिको बिकास गरिनुपर्ने ।
- ❖ सबै स्वास्थ्य चौकीमा ल्याबको ब्यवस्था गरिनुपर्ने ।
- ❖ स्वास्थ्य विमा प्रति गाँउवासीलाई सचेत गराउन जनचेतनाका कार्यक्रम ल्याइनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न जोड दिनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन गरिनुपर्ने।
- ❖ सामुदायिक विद्यालयको बिद्यार्थी र शिक्षकको अनुपात मिलान गरिनुपर्ने । यस्ता कार्य गर्दा वस्ती र विद्यालयको दुरी तलमाथि हुन गएमा विद्यालयवाट नै यातायात व्यवस्था जस्ता नीति लिनुपर्ने ।
- ❖ सामुदायिक विद्यालयमा स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- ❖ सामाजिक सुरक्षा भत्ता बितरण कार्य बैक मार्फत वितरण गरेको राम्रो भएपनि अति अशक्तहरुको हकमा घरमै पुगेर बितरण गरिनुपर्ने ।
- ❖ महिला, विपन्न तथा पिछडिएका वर्गहरूको सामाजिक, शैक्षिक, आर्थिक विकासका लागि आधुनिक कृषि पशुपालन तथा स्वरोजगारमूलक कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- ❖ गाँउपालिकालाई वालमैत्री बनाउन नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यविधि अनुरुप कार्यक्रम ल्याईनुपर्ने ।
- ❖ पालिकाको भवन अपाङ्गमैत्री वनाउनुपर्ने बिषेश गरेर अध्यक्ष , उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग सहजै भेटघाट गर्न सक्ने वातावरण तयार गनुपर्ने देखिन्छ ।
- ❖ जेष्ठ नागरिक र वालवालिकाको लागी समुदाय स्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिनुपर्ने ।
- ❖ अपाङ्गता परिचय पत्र बितरण कार्यलाई थप अपाङ्गमैत्री तरिकाले बितरण गरिनुपर्ने ।
- ❖ खानेपानीका स्रोतहरुको गुणस्तर परीक्षण गरिनुपर्ने ।
- ❖ खानेपानीका स्रोतहरुको संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- ❖ एक घर एक धारा अभियानका आयोजनाहरु सञ्चालन गरिनुपर्ने ।
- ❖ उपभोक्ता समिति , टोल विकास संस्थाको नेतृत्वमा महिला सहभागीताको लागी जोड दिनुपर्ने देखिन्छ ।
- ❖ बाल विवाह अन्त्यका लागि रणनैतिक योजना तयार गरिनुपर्ने देखिन्छ ।
- ❖ गैर सरकारी संस्थाहरुको कार्यक्रम गाँउ सभामा पेश गर्नु पर्ने देखिन्छ ।
- ❖ गैर सरकारी संस्थाहरुको प्रगति प्रतिवेदन गाँउपालिकामा पेश पर्ने देखिन्छ ।
- ❖ गाँउपालिका भित्र रहेका बित्त संस्थाहरुले सामाजिक कल्याण शिर्षकमा खर्च गर्ने वजेट सँग गाँउपालिकाले सहकार्य गरि प्रभावकारी कार्यमा खर्च गर्ने नीति तयार गरि कडाईका साथ लागू गर्न जोड दिनुपर्ने देखिन्छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुलाई अनुदान र भत्ता भन्दा जिविकोपार्जन कार्यक्रमहरु सञ्चालनमा जोडदिनुपर्ने ।
- ❖ संघ,प्रदेश र सरोकारवाला निकायसँग समन्वय र सहकार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

## १३.२ आर्थिक बिकास क्षेत्रको जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

- ❖ गाँउपालिकाले उत्पादनमा आधारित अनुदान दिने नीतिलाई कडाईका साथ लागू गराउनुपर्ने देखिन्छ ।
- ❖ व्यवसाय दर्ताको शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाको पर्यटन गुरुयोजना तयार गरि कृषिपर्यटन प्रर्वद्धन र बिकास सम्बन्धि योजनाहरुलाई जोड दिनुपर्ने देखिन्छ ।
- ❖ युवाशक्ति लाई बिदेश पलायन रोक्नको लागी युवा उद्यमी कार्यकम सञ्चालन गर्ने ।
- ❖ उद्यमी कार्यकम सञ्चालन गर्नेको लागी उद्यमीकोषको स्थापना गरि ऋण सहयोग कार्यकम सञ्चालन गरिनुपर्ने ।
- ❖ कृषिजन्य उत्पादन बढाउन निजि साझेदारी कार्यकम सञ्चालन गरिनुपर्ने ।
- ❖ घरवास कार्यक्रम स्थानीय उत्पादनमा आधारित हुनुपर्ने ।
- ❖ रैथाने वालीको बिकास र विस्तारमा जोडदिनुपर्ने ।
- ❖ निजी सार्वजनिक साझेदारी कार्यकमलाई जोड दिनुपर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाले कृषि बिकास रणनीतिक योजना तयार गर्नुपर्ने ।
- ❖ महिला, विपन्न तथा पिछडिएका वर्गहरूको सामाजिक, शैक्षिक, आर्थिक विकासका लागि आधुनिक कृषि पशुपालन तथा स्वरोजगारमुलक कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- ❖ कृषि उत्पादनको लागी वजारीकरणको व्यवस्थापन गरिनुपर्ने ।
- ❖ कृषि संकलन केन्द्रको निर्माण र व्यवस्थापन गरिनुपर्ने ।
- ❖ हाटवजारको सञ्चालनको व्यवस्थापन गरिनुपर्ने ।
- ❖ गाँउपालिका भित्रका जग्गालाई कृषि, आवासिय, औधोगिक क्षेत्रमा विभाजन गरि त्यसको कार्यन्वयन गरिनुपर्ने ।
- ❖ स्थानीय र अर्गानिक उत्पादनमा जोड दिनु पर्ने ।
- ❖ व्यावसायिक उत्पादनमा जोड दिनु पर्ने ।
- ❖ कृषि क्षेत्रको आधुनिकिकरण एवं व्यवसायिकरणमा जोड दिइनुपर्ने ।
- ❖ रोजगारमूखी समावेशी आर्थिक विकासमा जोड दिइनुपर्ने ।

## १२.३ भौतिक पूर्वाधार बिकास क्षेत्रको जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

- ❖ विकास निर्माण गर्दा गाउँपालिका भित्रको दुर्गम बस्तीलाई उच्च प्राथमिकतामा राख्नुपर्ने ।
- ❖ भवन निर्माण आचारसहिंता, सडक मापदण्ड आचारसहिंता लागूगरी कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्ने ।
- ❖ भवन, बाटो कालो पत्रे तथा अन्य निर्माण कार्य गर्दा गुणस्तरमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- ❖ योजनाको लागत डिजाईन नेपाली भाषामा तयार गर्दा उपभोक्ता समिति लाई अध्ययन गर्न सजिलो हुने र योजना कार्यन्वयनमा सहजता आउने देखिन्छ ।
- ❖ सहभागितात्मक योजना तर्जुमा प्रकृयालाई प्रभावकारी बनाउदै बस्ती देखि वडा हुँदै प्राप्त हुने योजनाको प्राथमिकिकरणमा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।
- ❖ ३लाख भन्दा माथिका आयोजनामा आयोजना सूचना पाटी राख्ने निर्णयलाई कडाईका साथ लागू गरिनुपर्ने देखिन्छ।
- ❖ गाँउपालिकाको कुल वजेटको १० प्रतिशत रकम पालिकाको आम्दानी वृद्धि हुने योजनामा रकम विनियोजन गरिनुपर्ने ।
- ❖ यातायात गुरुयोजना तयार गनुपर्ने देखिन्छ ।

- ❖ मर्मत सम्भार कोषको व्यवस्थापन गरिनुपर्ने देखिन्छ ।
- ❖ सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने देखिन्छ ।
- ❖ बजेट दामासाही रुपमा बाँडफाँड नगरी भुगोल , जनसख्या र बिकास अबस्थाको आधारमा विनियोजन हुनुपर्ने ।
- ❖ योजनाको बारेमा स्थानीयहरुलाई जानकारी दिनु पर्ने देखिन्छ ।

## १३.४ विपद् व्यवस्थापन तथा वातावरण संरक्षण क्षेत्रको जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु :

- ❖ गाँउपालिकाले वजार उन्मुख क्षेत्रमा फोहोर व्यवस्थापन , वजार व्यवस्थापन र बसपार्क व्यवस्थापनको लागी रणनीतिक योजना तयार गरिनुपर्ने देखिन्छ । घरवाट नै कुहिने र नकुहिने फोहोरको वर्गिकरण कार्य सञ्चालन गरिनुपर्ने ।
- ❖ सार्वजनिक शौचालय निर्माण गरि प्रभावकारी दिगो व्यवस्थापकिय आधारमा सञ्चालन र व्यवस्थापन गरिनुपर्ने ।
